# प्रदायक – Fob कसरी प्रयोग गर्ने

**उद्देश्य:** यो मार्गनिर्देशनले OR PTC DCI मा काम गरेको प्रदायकहरूको समय रेकर्ड गर्न fob यन्त्र प्रयोग गरेर उहाँहरूका लागि चरणबद्ध निर्देशनहरू उपलब्ध गराउँछ।


**परिणाम:** प्रदायकले fob यन्त्र प्रयोग गरेर OR PTC DCI मा उहाँहरूको समय प्रविष्टिहरू उचित रूपमा रेकर्ड गर्नुभएको छ। सही तरिकाले पालना गरिएमा, सबै समय प्रविष्टिहरू EVV अनुवर्ती हुने छन्।


**लिङ्कहरू:**

Fob समयतालिका (वैकल्पिक): English, Arabic – عربي, Farsi - فارسی, Khmer (Cambodian) - ខ្មែរ, Korean -한국어, Lao - ພາສາລາວ, Nepali - नेपाली, Romanian – Română, Russian – Русский, Simplified Chinese 简体中文, Somali - Soomaali, Spanish – Español, Traditional Chinese 傳統漢語, Vietnamese - Tiếng Việt

Fob समयतालिकाहरू तपाईंको स्थानीय कार्यालयमा पनि उपलब्ध छन्।

## प्रक्रिया पूरा गर्ने चरणहरू:

| # | विवरण | सान्दर्भिक स्क्रिनसट/लिङ्क |
|---|---|---|
| 1. | तपाईंको शिफ्टको सुरुवातमा, मिति र सुरुवाती समय लेख्नुहोस् र त्यसपछि fob मा रातो पावर बटनलाई पुश गर्नुहोस्। |   **नोट**: धेरै प्रदायकले एउटै सेवाग्राहीका लागि काम गरेमा, उहाँहरू सबैले एउटै fob प्रयोग गर्नु हुने छ। Fobs ग्राहकमा संलग्न गरिएको छ र ग्राहकमा एउटा fob मात्र संलग्न गरिएको हन सक्छ। |
| 2. | छ (6) अङ्कको fob कोड देखा पर्ने छ। यो fob कोड तपाईंको fob समयतालिकामा वा तपाईंले आफ्नो समय जता रेकर्डिङ गरिरहनुभएको छ त्यही लेख्नुहोस्। |   |
| 3. | तपाईंको शिफ्टको अन्तिमा एक (1) र दुई (2) चरणहरू दोहोऱ्याउनुहोस्। | |

| | | |
|---|---|---|
| 4. | समस्या भइरहेको छ? यस कागजातको अन्तिममा भएका समस्या निवारणसम्बन्धी सुझावहरू हेर्नुहोस्।<br><br>**दुई हप्ताको भुक्तान अवधिका लागि भुक्तान पेश गर्ने म्याद समाप्त हुनुअघि, तपाईंले भुक्तानी गर्नका लागि OR PTC DCI वेब पोर्टलाम तपाईंको शिफ्टसम्बन्धी जानकारी प्रविष्ट गर्नुपर्छ।**<br><br>इन्टरनेट जडान भएको यन्त्रमा वेब ब्राउजर खोल्नुहोस्। यसमा कुनै पनि डेस्कटप वा ल्यापटप कम्प्युटर वा ट्याब्लेट वा स्मार्ट फोन जस्ता स्मार्ट यन्त्र समावेश हुने छन्।<br><br>OR PTC DCI वेब पोर्टल: orptc.dcisoftware.com मा लग इन गर्नुहोस् | |
| 5. | "प्रविष्टि थप्नुहोस्" बटनमा क्लिक गर्नुहोस् |  |

# प्रदायक – Fob कसरी प्रयोग गर्ने

'नयाँ प्रविष्ट थप्नहोस्' फाराम प्रदर्शन हुने छ। निम्नानुसार फाराम भर्नुहोस्:

6.A **प्रविष्टको प्रकार:** "पन्च" स्वत: प्रदर्शन हुन्छ

6.B **रोजगारदाताको नाम** प्रदायकहरूको नाम स्वत: भरिन्छ

6.C **खाता प्रकार:** घण्टाको हिसाबले चयन गर्नुहोस्

6.D **ग्राहक**: तपाईंको उपभोक्ताको नाममा प्रकार र भर्नका लागि नाममा क्लिक गर्नुहोस्


6.E **सेवा कोड:** सेवा कोड स्वत: भरिन्छ

6.F **सेवा मिति:** शिफ्टको मिति प्रविष्ट गर्नुहोस्

6.G **बाँकी रकम:** भुक्तान अवधिमा बाँकी रहेको अधिकारप्राप्त समय प्रदर्शन गर्छ


6.H **चेक इन:** तपाईंको शिफ्टको सुरु समय प्रविष्ट गर्नुहोस्

6.I **चेक आउट:** तपाईंको शिफ्टको अन्तिम समय प्रविष्ट गर्नुहोस्




**नोट:** चेक इन र चेक आउट फिल्डमा आधा घण्टामा समय देखाउने ड्रप डाउन मेनु छ। तपाईंले आफ्नो शिफ्ट सुरु गर्नुभएको र समाप्त गर्नुभएको सही समय प्रविष्ट गर्नका लागि, समय क्षेत्रमा आफ्नो कर्सर राखी त्यसमा देखिएको समय मेट्नुहोस् र आफ्नो सुरुवात र अन्तिम समय टाइप गर्नुहोस्। पूर्वाह्न र अपराह्न थप्न सम्झनुहोस्।

| | |
|---|---|
| 6.J | **EVV विधि:** 'FOB सुरक्षित गर्नुहोस्' चयन गर्नुहोस् |
| 6.K | **सुरुवात टिकन:** तपाईंको शिफ्टको सुरुको fob कोड प्रविष्ट गर्नुहोस् |
| 6.L | **अन्तिम टोकन:** तपाईंको शिफ्टको अन्तिमको fob कोड प्रविष्ट गर्नुहोस् |
| 6.M | **चेक आउट मिति:** मिति स्वत: भरिन्छ<br>**डायग्नोस्टिक कोड:** कदम चाल्न आवश्यक छैन<br>**नोटहरू:** वैकल्पिक<br>**संलग्रक**: वैकल्पिक |
| 6.M | **बयान:** प्रमाणीकरण जाँच बाकस चयन गर्नुहोस्। यो बाकसमा क्लिक गरेर, तपाईंले "समय सही छ भनी पुष्टि गर्दै हुनुहुन्छ। धोका दिनाले Medicaid छल हुन सक्छ"<br>पूर्ण प्रमाणीकरण कथन लगइन गर्दा स्प्ल्याश स्क्रिनमा देखिन सक्छ। |
| 7. | **'बचत गर्नुहोस्'** बटनमा क्लिक गर्नुहोस्<br><br>एलर्टले "तपाईं नयाँ पन्च थप्न चाहने कुरामा निश्चित हुनुहुन्छ" भनेर प्रदर्शन गर्ने छ। |
| 8. | **'छ'** मा क्लिक गर्नुहोस्। |









## *समस्या निवारण:*

***<u>मैले बटन थिचेको थिएँ तर मैले लेख्नुअघि नै नम्बर हरायो!</u>***

fob मा अन्तर-निर्मित टाइमर छ। यसले लाइनहरू सेट गरिएनुसार नम्बरको बायाँ छेउमा प्रदर्शन हुन्छ (तल तस्विर हेर्नुहोस्)। रातो बटन पुश गरिसकेपछि, टाइमर देखिन्छ र लाइनहरू समय समाप्त भएनुसार हराउने छन्। तपाईंले रातो सुरुवात बटन पुश गरेपछि र एउटा वा दुईवटा मात्र लाइनहरू भएमा, टाइमर समाप्त हुन दिनुहोस् र प्रदर्शन खाली हुन्छ। फेरि रातो सुरुवात बटन पुश गर्नुहोस् र नयाँ कोड तपाईंका लागि कोड लेख्न थप समय देखिने छ।



***<u>मैले गल्तीपूर्वक एकभन्दा धेरै पटक बटन पुश गरेको थिएँ!</u>***

तपाईंले बटन फेरि पुश गरेमा, नयाँ fob कोड प्रदर्शन हुने छ। पहिले प्रदर्शन भएको fob कोडहरू एक पटक हराएपछि फेरि देखिँदैन। प्रदर्शन हुने नयाँ fob कोड लेख्नुहोस्।

***<u>मैले "नयाँ प्रविष्टि थप्नुहोस्" विन्डोमा मेरो सबै डाटा प्रविष्ट गरेको थिएँ र त्यसका टोकनहरू मिलेन भन्छ!</u>***

तपाईंले गलत fob कोड लेख्नुभएको वा तपाईंले गलत तरिकाले समय प्रविष्ट गर्नुभएको हुन सक्छ। फारामले आधा घण्टा (30 मिनेट) समय फ्रेममा समय प्रदर्शन गर्छ। चेक इनमा तपाईंको कर्सर राख्नुहोस् र चेक आउट बाकसले प्रदर्शन भएको समय मेटाउँछ र तपाईं आएको र गएको सही समय प्रविष्ट गर्नुहोस्, समय पछि पूर्वाह्न वा अपराह्न थप्न सम्झिनुहोस्। (*उदाहरण दिउँसोको 1:16 बजे*)

त्यसले काम नगरेमा, ऐतिहासिक पन्च सिर्जना गर्न "FOB सुरक्षित गर्नुहोस्" देखि "पोर्टल साइनअफ गर्नुहोस्" मा "EVV विधि परिवर्तन गर्नहोस्"।

***<u>मैले समस्या निवारण चरणहरू पालना गरेको थिएँ र मलाई अझैपनि fob मा समस्या भइरहेको छ!</u>***

कृपया सहायताका लागि तपाईंको स्थानीय कार्यालयमा fob ल्याउनुहोस्। उहाँहरूले fob ले सही तरिकाले काम गरिरहेको छ भनी जाँच गर्नु हुने छ र आवश्यक भएमा प्रतिस्थापन गर्नु हुने छ।